नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
**व्यावसायिक प्रशिक्षण केन्द्र**
इटहरी, सुनसरी

सूचना नं.:२/०८३/०८४

# नि:शुल्क तालिम सञ्चालन सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१९ गते

देहाय बमोजिमका सीपमूलक तालिमहरु यस प्रशिक्षण केन्द्रबाट नि:शुल्क रुपमा संचालन हुने भएको हुँदा तालिममा सहभागि हुन इच्छुक नेपाली नागरिकहरुले १५ दिन (२०८३/०५/०२ गते) भित्र तोकिएको स्थानमा आवेदन फारम भर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघि आएको र रीत नपुगेको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

| क्र. सं. | तालिमका विषयहरु | तालिम अवधी | आवश्यक संख्या | न्यूनत्तम शैक्षिक योग्यता | अन्तर्वार्ता हुने मिति र समय | आवेदन फारम पाइने र पेश गर्नुपर्ने तथा अन्तर्वार्ता हुने स्थान | तालिम संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | टेलर (बेसिक कटाई सिलाई) | ६५ कार्य दिन/ ३९० घण्टा | २० | न्यूनत्तम ८ कक्षा उत्तीर्ण भएको | २०८३/०५/०४ गते विहान १०:०० बजे देखि दिउसो ४:०० वजे सम्म | व्यावसायिक प्रशिक्षण केन्द्र, इटहरी, सुनसरी | व्यावसायिक प्रशिक्षण केन्द्र, इटहरी, सुनसरी |
| २. | कमी (कुक) | ६५ कार्य दिन/ ३९० घण्टा | २० | न्यूनत्तम ८ कक्षा उत्तीर्ण भएको | २०८३/०५/०५ गते विहान १०:०० बजे देखि दिउसो ४:०० वजे सम्म | | |
| ३. | सहायक व्यूटिसियन | ६५ कार्य दिन/ ३९० घण्टा | २० | न्यूनत्तम ८ कक्षा उत्तीर्ण भएको | २०८३/०५/०८ गते विहान १०:०० बजे देखि दिउसो ४:०० वजे सम्म | | |
| ४. | कटाई सिलाई (एडभान्स) | ३३ कार्य दिन/ १९५ घण्टा | २० | न्यूनत्तम ८ कक्षा उत्तीर्ण भएको र वेसिक कटाई सिलाईको तालिम लिएको | २०८३/०५/१० गते विहान १०:०० बजे देखि दिउसो ४:०० वजे सम्म | | |
| ५. | विल्डिङ इलेक्ट्रिसियन | ६५ कार्य दिन/ ३९० घण्टा | २० | न्यूनत्तम एस.एल.सी/ एस.ई.ई वा सो सरह उतीर्ण भएको | २०८३/०५/११ गते विहान १०:०० बजे देखि दिउसो ४:०० वजे सम्म | | |
| ६. | वारिष्टा | ६५ कार्य दिन/ ३९० घण्टा | २० | न्यूनत्तम एस.एल.सी/ एस.ई.ई वा सो सरह उतीर्ण भएको | अन्तर्वार्ताको मिति पछि तोकिने छ। | | |
| ७. | केयर गिभर | ६५ कार्य दिन/ ३९० घण्टा | २० | न्यूनत्तम एस.एल.सी/ एस.ई.ई वा सो सरह उतीर्ण भएको | अन्तर्वार्ताको मिति पछि तोकिने छ। | | व्यावसायिक प्रशिक्षण केन्द्र इटहरी वा केन्द्रले तोकेको स्थान |

**शर्तहरु:**

१. प्रशिक्षार्थीले आवेदन फारम, नेपाली नागरिकताको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाण पत्र (लब्धाङ्क र चारीत्रीक) को प्रतिलिपि राखी मिति २०८३/०५/०२ गतेसम्म (सो दिन बिदा परेमा भोलिपल्ट) कार्यालय समय भित्र उल्लेखित स्थानमा बुझाउनुपर्नेछ। साथै, एड्भान्स विषयमा आवेदन दिने उम्मेदवारहरुले मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा वेसिक तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।
२. तालिम लिन इच्छुक उम्मेदवारको उमेर १८ बर्ष पुरा भएको र ४५ वर्ष ननाघेको हुनु पर्नेछ।
३. प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताको माध्यमबाट गरिनेछ। प्रशिक्षार्थी छनौट सम्बन्धि सूचना यस केन्द्रको सूचना पाटी, फेसबुक पेजमा र वेवसाइटमा प्रकाशन गरिनेछ।
४. तालिम उद्घाटन र कक्षा सञ्चालन हुने मिति अन्तर्वार्ताको नतिजा प्रकाशन सँगै तोकिने छ।
५. तालिम सुरु भएको तीन (३) दिन भित्र उपस्थित नहुने प्रशिक्षार्थीको स्थानमा वैकल्पिक उम्मेदवारलाई तालिममा सहभागी गराइनेछ।
६. अवस्था हेरी विपन्न, दलित, अपाङ्ग, शहिद परिवार, जेन्जी घाइते तथा शहिद परिवार, एकल महिला र पिछडिएको क्षेत्रका व्यक्तिलाई प्राथमिकता दिइनेछ।
७. बस्ने र खाने व्यवस्था प्रशिक्षार्थी आफैले गर्नु पर्नेछ।
८. मनासिव कारण बिना तालिममा छनौट भएका प्रशिक्षार्थीहरुले तालिम छोडेमा सरकारी अभिलेख राखी भविष्यमा केन्द्रबाट संचालन हुने कुनै प्रनि किसिमको तालिममा सहभागि गराइने छैन।
९. तालिम दैनिक ६ घण्टा संचालन हुनेछ, साथै शनिवार बाहेक सबै सार्वजनिक बिदाको दिनमा समेत कक्षा संचालन हुनेछ।
१०. आवेदन फारम भर्दा पेश गरेको सबै कागजातहरुको सक्कल प्रति समेत लिई अन्तर्वार्तामा आउनु पर्नेछ।
११. तालिममा सहभागि प्रशिक्षार्थीहरुलाई दैनिक रु. ५०/- का दरले खाजा भत्ता उपलब्ध गराइनेछ।

२०८३/०४/१९

**पुष्पराज कट्वाल**
केन्द्र प्रमुख

थप जानकारीको लागि : फोन नं. ०२५-५८१०१६ (कार्यालय समय भित्र), Website: vtcitahari.gov.np र Facebook page: Vocational Training Centre, Itahari